# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

मितिः २०८०/११/०४ (ने.स. ११४४ सिल्लाथ्व, ७ शुक्रबार)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राप्त पत्रानुसार चालु आ.व. २०८०/८१ मा प्रदान गरिने वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" को अनुसूचि २ अनुसारको आवेदन फाराम भरी स्क्यान गरी फागुन १५ भित्र मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनुहुन सूचित गरिन्छ । फाराम मन्त्रालयको वेबसाइट www.moless.gov.np बाट download गर्न सकिनेछ ।

योग्यताः

- कार्य भिसामा विदेश गई कम्तिमा १ बर्ष काम गरी फर्किएको हुनुपर्ने ।
- वैदेशिक रोजगारीबाट फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ बर्ष पुरा भएको
- विगत ६ बर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको

आवश्यक कागजातहरु

नेपाली नागरिकताको प्रतिलिपी, श्रम स्वीकृतिको प्रतिलिपी, भिसा सहितको राहदानी प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.ब. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा

> नोटः विगत बर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।

..................................

(गोविन्द भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत